**खैरहनी नगर कार्यपालिकाको बैठक संख्या ११ (आ.व. २०८२/८३)**

आज मिति २०८२/१२/१२ गते बिहीबार बिहानको ०७:३० बजे खैरहनी नगरपालिकाका प्रमुख श्री शशी कुमार खनियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरियो।

**तपसिल**

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | प्रमुख | श्री शशी कुमार खनिया | |
| २. | उप-प्रमुख | श्री कविता उप्रेती | |
| ३. | सचिव | श्री नेत्रप्रसाद पौडेल | |
| ४. | वडा अध्यक्ष वडा नं. १ | श्री नवराज भुसाल | |
| ५. | वडा अध्यक्ष वडा नं. २ | श्री रोहिणी प्रसाद उप्रेती | |
| ६. | वडा अध्यक्ष वडा नं. ३ | श्री पूर्ण बहादुर गुरुङ | |
| ७. | वडा अध्यक्ष वडा नं. ४ | श्री वेद बहादुर अधिकारी | |
| ८. | वडा अध्यक्ष वडा नं. ५ | श्री छत्रनाथ सुवेदी | |
| ९. | वडा अध्यक्ष वडा नं. ६ | श्री कमल प्रसाद न्यौपाने | |
| १०. | वडा अध्यक्ष वडा नं. ७ | श्री मनेजर महतो | |
| ११. | वडा अध्यक्ष वडा नं. ८ | श्री शंकर कंडेल | |
| १२. | वडा अध्यक्ष वडा नं. ९ | श्री बन्धु राम महतो | |
| १३. | वडा अध्यक्ष वडा नं. १० | श्री चन्द्र बिक्रम चौधरी | |
| १४. | वडा अध्यक्ष वडा नं. ११ | श्री दिपेन्द्र कुमार दराई | |
| १५. | वडा अध्यक्ष वडा नं. १२ | श्री केदार नाथ पन्त | |
| १६. | वडा अध्यक्ष वडा नं. १३ | श्री कुल प्रसाद भुसाल | |
| १७. | कार्यपालिका सदस्य | श्री बुधरमिया चौधरी | |
| १८. | कार्यपालिका सदस्य | श्री गोमा देवी घर्ती | |
| १९. | कार्यपालिका सदस्य | श्री मैया वि.क. | |
| २०. | कार्यपालिका सदस्य | श्री बिक्रमिया चौधरी | |
| २१. | कार्यपालिका सदस्य | श्री आनन्द दराई | |
| २२. | कार्यपालिका सदस्य | श्री विष्णु माया सुनार | |
| २३. | कार्यपालिका सदस्य | श्री दुखिराम दराई | |
| २४. | कार्यपालिका सदस्य | श्री मेनुका परियार | |

खैरहनी नगरपालिका, चितवन

नगर कार्यपालिकाको बैठक

मितिः २०८२/१२/१२ गते, विहान ७.३० बजे

बैठक सङ्ख्याः ११ /२०८२-८३

<u>प्रस्तावहरुः-</u>

१. १५ शैयाको खैरहनी नगर अस्पताल निर्माण आयोजनाको म्याद थप गर्ने सम्वन्धमा ।
२. १५ शैयाको खैरहनी नगर अस्पताल निर्माण आयोजनाको भेरियसन अर्डर स्वीकृत गर्ने सम्वन्धमा ।
३. चैनपूर गेट निर्माण आयोजनाको म्याद थप गर्ने सम्वन्धमा ।
४. पुरानो पर्सा रोड निर्माण आयोजनाको म्याद थप गर्ने सम्वन्धमा ।
५. वाल उद्यान निर्माण आयोजनाको म्याद थप गर्ने सम्वन्धमा ।
६. चालू वर्षको कार्यक्रम प्रदेश सरकारको सहकार्यमा आवासीय छात्रावास निर्माण शीर्षकलाई सामान्य संशोधन गर्ने सम्बन्धमा ।
७. स्थानीय सरकार कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को विवरण स्वीकृत गर्ने सम्वन्धमा ।
८. तराई मधेस समृद्धि कार्यक्रमको लागि आयोजना छनोट गर्ने सम्वन्धमा ।
९. चेपाङ, वनकरिया, माझी र बोटे एकीकृत बस्ति आवासको लागि लाभग्राही छनोट सम्वन्धमा ।

<u>निर्णयहरू</u>

१. यस खैरहनी नगरपालिका, चितवनबाट बोलपत्र आह्वान भई सबै प्रक्रिया पूरा गरेपश्चात् निर्माण व्यवसायीसँग सम्झौता भई कार्यान्वयनको चरणमा रहेका नगरका तपसिलमा उल्लिखित निर्माणाधीन आयोजनाहरूको सम्झौताअनुरुपको कार्यसम्पन्न गरिसक्नुपर्ने अवधि र आयोजनाहरूको म्याद थप गरिएको अवधि समेत समाप्त भएको साथै निर्माण सामग्रीको उपलब्धता नहुनु, निर्माण स्थलमा स्थानीयको अबरोध, उपकरण व्यवस्थापनमा कठिनाई, आवश्यक बजेट व्यवस्थापनमा ढिलाई, जेनजी आन्दोलन भएको जस्ता विविध कारण देखाई म्याद थपका लागि निर्माण व्यवसायीबाट निवेदन, संसोधित कार्यतालिका प्राप्त भएअनुसार, कार्यसम्पादन जमानत, वीमा र पेश्कीसम्बन्धी जमानतको अवधि कायम रहेको सुनिश्चित गरि/ गर्न लगाई निम्न आयोजनाहरूको म्याद तपसिलबमोजिम थप गर्ने । साथै पछि

खैरहनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय खैरहनी, चितवन बागमती प्रदेश २०७३

कार्यपालिकाबाट स्वीकृति/अनुमोदन गर्नेगरी नगर प्रमुखस्तरीय निर्णयबाट म्याद थपको लागि भएका यस अघिका कार्यालयका निर्णयहरूलाईसमेत स्वीकृति गर्ने तथा अनुमोदन गर्ने ।

तपसिल

ठेक्का म्याद थप गर्नेसम्बन्धी आयोजनागत विवरण र म्याद थप

| क्र.स. | ठेक्काको नं. | योजनाका नामहरु | सम्झौता भएको निर्माण व्यवसायी विवरण | म्याद थप गर्नुपर्ने कारण | म्याद थप भएको मिति |
|---|---|---|---|---|---|
| १ | 030/MF/CHT-Kmun/Works/NCB/2077/078 | Construction of 15 Bed Khairahani Muncipality Hospital | ASHISH-GS Engineering JV | निर्माण सामाग्रीको उपलब्धता नहुनु, Zen-Z आन्दोलन | २०८३/०३/१५ |
| २ | 32/Works/NCB/Kmun/081/82 | Construction of Chainpur Chowk Gate | Innovative Creation Enginneering and Construction Pvt. Ltd., Madhyapur thimi-9, Bhaktapur | निर्माण सामाग्रीको उपलब्धता नहुनु, Zen-Z आन्दोलन, High Tension line | २०८३/३/१५ |
| ३ | 10/Works/NCB/Kmun/081/82 | Construction and Upgrading Of Purano Parsa Road ( Old Highway) and Sishani Chowk to Kapiya School Road | Tripura-Jay Ganesh-Gaunle JV, Thapathali, Kathmandu | निर्माण सामाग्रीको उपलब्धता नहुनु, Zen-Z आन्दोलन, | २०८३/०३/१५ |
| ४ | 019/Works/NCB/Kmun/081/82 | Construction of Children Park at Khairahani-06 | DCPL-SC JV, Janakpur-16, Dhanusha | निर्माण सामाग्रीको उपलब्धता नहुनु, Zen-Z आन्दोलन, = | २०८३/०३/१५ |

खैरहनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय खैरहनी, चितवन बागमती प्रदेश



शशी कुमार खनिया
नगर प्रमुख

२. चालू आर्थिक वर्ष २०८२/८३ को विषयगत शिक्षा शाखा तर्फको बजेट शीर्षक नं. (इ) संस्थागत क्षमता विकास तर्फको खण्ड (१५) को बजेट शीर्षक प्रदेश सरकारको सहकार्यमा आवासीय छात्राबास निर्माणलाई खैरहनी नगरपालिकामा आवासीय छात्रावास सञ्चालन हुनेगरी सामान्य बजेट शीर्षक संशोधन गरी कार्यान्वयन प्रकृया अघि बढाउने ।

३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको च.नं. २९४, मिति २०८२/११/१९ को पत्रानुसार र स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ को दफा ६ बमोजिम स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा विषयगत शाखाहरूबाट प्रविष्ट भएका कागजात तथा विवरणहरू अनुसार प्राप्त प्रारम्भिक नतिजा प्रमुख प्रशासकीय अधिकृत मार्फत पृष्ठपोषणका लागि जिल्ला समन्वय समिति पठाउने र जिल्ला समन्वय समितिबाट पृष्ठपोषण प्राप्त भएआवश्यक आवश्यक प्रकृया तथा विवरण संलग्न गराई विद्युतीय माध्यमबाट LGPAS को विवरणहरू संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने।

४. बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रमअन्तर्गत चेपाङ, बनकरिया, माझी र बोटे एकीकृत बस्ती आवास कार्यक्रममा यस नगरपालिकाको लागि ५ (पाँच) जना लाभग्राही सङ्ख्या स्वीकृत भई आएकाले यस अघि आवेदन नदिएका इच्छुक लाभग्राहीहरूले बागमती प्रदेश सरकारको चेपाङ, बनकरिया, माझी र बोटे एकीकृत आवास कार्यक्रम (मकवानपुर, चितवन, धादिङ) सम्बन्धी कार्यविधि, २०८० बमोजिम सम्बन्धित वडा कार्यालयमा ५ (पाँच) दिनको म्याद दिई आवश्यक कागजातसहित तोकिएको ढाँचामा आवेदन दिन पुनः सूचना प्रकाशन गर्ने र सूचनाको म्याद समाप्त भएपश्चात कार्यविधिबमोजिमको समितिबाट पुराना र नयाँ संकलीत आवेदकहरूबाट उपयुक्त आवेदकहरू छनोट गरी नामावली तथा आवश्यक विवरण पठाउने ।

खैरहनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय खैरहनी, चितवन बागमती प्रदेश

शशी कुमार खनिया
नगर प्रमुख

६. तराई मधेश समृद्धि कार्यक्रमको मिति २०८२/११/२५ गतेको सूचनाबमोजिम यस नगरपालिकाअन्तर्गतका तपसिलमा उल्लिखित आयोजनाहरूलाई प्राथमिकीकरण गरी आर्थिक वर्ष २०८३/८४ का लागि तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम माग गरी पठाउने र सोही कार्यविधिले तय गरेअनुसार स्थानीय तहको लागत साझेदारीसमेत सुनिश्चित गर्ने ।

तपसिल

तराई मधेश समृद्धि कार्यक्रमको लागि माग गरी पठाइएका आयोजनाहरू

| प्राथमिकता क्रम | विषय क्षेत्र | आयोजनाको नाम र ठेगाना | अनुमानित लागत (रू.) |
|---|---|---|---|
| १ | साना सडक स्तरोन्नती | वडा नं. ७ खैरहनीबाट नगरपालिका जाने सिधा बाटो स्तरोन्नती | १,४९,७०,७०८ |
| २ | सिंचाइ तथा नदी नियन्त्रण | पटेहानी खोला २ र ३ तटबन्धन निर्माण | १,५०,६५,१७३ |
| ३ | खानेपानी तथा सरसफाई | खैरहनी १,२,३,१०,११ खानेपानी मर्मत तथा स्तरोन्नती | १,५०,५७,६४३ |

-०-

खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन
बागमती प्रदेश
२०७२

शशी कुमार खनिया
नगर प्रमुख